नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
मानव संसाधन व्यवस्थापन विभाग

कार्यक्षमता मूल्याङ्कन र आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदको दरखास्त आह्वान सम्बन्धी सूचना

बैंकमा प्रशासन तथा प्राविधिक सेवा तर्फका देहायका पदहरूमा कार्यक्षमता मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (संशोधन समेत) को विनियम ५२ बमोजिम २०८३ असारमसान्तसम्म बढुवाको लागि सम्भाव्य भएका उम्मेदवारहरूलाई बैंकको वेबसाईटमा CAREER भित्र रहेको Online Portal for Performance Evaluation based Promotion and Internal Competition मार्फत मिति २०८३ मङ्सिर १७ भित्र आवेदन पेश गर्न आह्वान गरिएको छ। रित नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन।

कार्यक्षमता मूल्याङ्कन (प्रशासन सेवा)

क्र.सं.	विज्ञापन नं.	पदको नाम	तह/श्रेणी	पदसंख्या
१	१/२०८३	निर्देशक	अधिकृत प्रथम	५
२	२/२०८३	उप-निर्देशक	अधिकृत द्वितीय	२६
३	३/२०८३	सहायक निर्देशक	अधिकृत तृतीय	६
४	४/२०८३	प्रधान सहायक	सहायक प्रथम	१६

कार्यक्षमता मूल्याङ्कन (प्राविधिक सेवा)

क्र.सं.	विज्ञापन नं.	पदको नाम	तह/श्रेणी	पदसंख्या
१	५/२०८३	सहायक निर्देशक (प्रेस)	अधिकृत तृतीय	१
२	६/२०८३	सहायक निर्देशक (चालक)	अधिकृत तृतीय	१

आन्तरिक प्रतियोगितात्मक परीक्षा (प्रशासन सेवा)

क्र.सं.	विज्ञापन नं.	पदको नाम	तह/श्रेणी	पदसंख्या
१	७/२०८३	निर्देशक	अधिकृत प्रथम	२
२	८/२०८३	उप-निर्देशक	अधिकृत द्वितीय	११
३	९/२०८३	सहायक निर्देशक	अधिकृत तृतीय	७
४	१०/२०८३	प्रधान सहायक	सहायक प्रथम	१०

नोटः-

१ आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गरिने पदहरूको लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ।

२ कार्यक्षमता मूल्याङ्कन तथा आन्तरिक प्रतियोगितात्मक परीक्षातर्फ आवेदन दिन उम्मेदवारहरूले दरखास्त दस्तुरवापत कुनै रकम बुझाउनु पर्ने छैन।

मितिः २०८३ कात्तिक २७

का.मु.कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
मानव संसाधन व्यवस्थापन विभाग

खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गरिने पदको दरखास्त आह्वान सम्बन्धी सूचना

यस बैंकमा रिक्त रहेका निम्न पदहरू खुला प्रतियोगिताद्वारा पूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकबाट मिति २०८३ कात्तिक २७ देखि विद्युतीय माध्यममार्फत दरखास्त आह्वान गरिएको छ । विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेस गर्दा बैंकले तोकेको सम्पूर्ण विवरण दरखास्त फाराममा उल्लेख गरी सोको साथ नेपाली नागरिकताको प्रमाणपत्र, दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र (ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र, नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यताको हकमा सम्बन्धित निकाय/संस्थाबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत) पेस गर्नुपर्नेछ । सहायक (सहायक द्वितीय) को हकमा लोक सेवा आयोगबाट एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालित पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएको प्रमाणपत्र समेत दरखास्तसाथ पेस गर्नुपर्नेछ । तोकिएका कागजात/प्रमाणपत्र र हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको विद्युतीय प्रति अपलोड गरी तोकिएको दस्तुर तिरी मिति २०८३ मङ्सिर १७ सम्म र दोब्बर दस्तुर तिरी मिति २०८३ मङ्सिर २४ सम्म विद्युतीय माध्यममार्फत दरखास्त पेस गर्नुपर्नेछ । म्यादभित्र दाखिला नभएको र रित नपुगी प्राप्त भएको दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन । लोक सेवा आयोगबाट यसअघि निश्चित अवधिसम्म आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा सहभागी हुन नपाउने गरी कारबाही भएको भएमा उक्त उम्मेदवार तोकिएको अवधिभित्र भएका विज्ञापनको लागि दरखास्त पेस गर्न योग्य हुनेछैन । कुनै पनि प्रकारको झुटो विवरण पेस गर्न पाइने छैन । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

विज्ञापन नं.	पद	श्रेणी	सेवा	पद संख्या	समूह/पद संख्या							कैफियत
					खुला	महिला	आ.ज.	मधेशी	दलित	अपाङ्ग	पि.क्षे.	
११/२०८३	सहायक निर्देशक	अधिकृत तृतीय	प्रशासन	२६	१४	४	३	३	१	१	–	
१२/२०८३	सहायक निर्देशक (लेखा/लेखापरीक्षण)	अधिकृत तृतीय	प्रशासन	३	२	१	–	–	–	–	–	
१३/२०८३	सहायक निर्देशक (वाणिज्य कानुन)	अधिकृत तृतीय	प्रशासन	२	–	१	–	–	१	–	–	*
१४/२०८३	सहायक निर्देशक (सूचना प्रविधि)	अधिकृत तृतीय	प्राविधिक	४	२	–	१	१	–	–	–	
१५/२०८३	सहायक	सहायक द्वितीय	प्रशासन	२६	१४	४	३	३	१	१	–	

*पुनः प्रकाशन गरिएको ।

विज्ञापन सम्बन्धी विशेष सूचना: सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरूमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेशबमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ ।

१ **आवश्यक न्यूनतम शैक्षिक योग्यता**

क) **विज्ञापन नं. ११/२०८३, सहायक निर्देशक (खुला, महिला, आ.ज., मधेशी, दलित, अपाङ्ग):** मान्यताप्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर तह उत्तीर्ण।

ख) **विज्ञापन नं. १२/२०८३, सहायक निर्देशक (लेखा/लेखापरीक्षण):** मान्यताप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चार्टर्ड एकाउन्टेन्ट संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी (CA/ACCA/CPA) परीक्षा उत्तीर्ण।

ग) **विज्ञापन नं. १३/२०८३, सहायक निर्देशक (वाणिज्य कानुन):** मान्यताप्राप्त विश्वविद्यालयबाट कानुनमा स्नातकोत्तर परीक्षा उत्तीर्ण गरेको वा अर्थशास्त्र वा व्यवस्थापन वा जनप्रशासन विषयमा स्नातकोत्तर उत्तीर्ण गरी कानुन विषयमा स्नातक उत्तीर्ण।

घ) **विज्ञापन नं. १४/२०८३, सहायक निर्देशक (सूचना प्रविधि):** मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्प्युटर, सूचना प्रविधि वा इलेक्ट्रोनिक्स एण्ड कम्यूनिकेशन विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण।

ङ) **विज्ञापन नं. १५/२०८३, सहायक (सहायक द्वितीय):** मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरहको परीक्षा उत्तीर्ण। साथै, लोक सेवा आयोगबाट एकीकृत परीक्षा प्रणालीको आधारमा सञ्चालन भएको सङ्गठित संस्थाहरूको अप्राविधिक तर्फका सहायक स्तर प्रथम श्रेणी वा पाँचौ तह वा सो सरह वा सहायकस्तर द्वितीय श्रेणी, खरिदार वा सो सरह वा चौथो तह वा सो सरहको पदको पूर्वयोग्यता परीक्षामा उत्तीर्ण भई प्रमाणपत्र प्राप्त गरेका उम्मेदवार मात्र प्रमाणपत्र जारी गरेको मितिले एक वर्षभित्र प्रशासन सेवातर्फको सहायक (सहायक द्वितीय श्रेणी) पदमा दरखास्त पेस गर्न सम्भाव्य उम्मेदवार हुने भएकोले दरखास्त साथ म्याद कायम रहेको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

२ **समावेशीताको आधार:** समावेशी समूहतर्फ फाराम भर्ने उम्मेदवारले आदिवासी/जनजाति, मधेशी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रको लागि सम्बन्धित निकायले जारी गरेको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

३ **तलब भत्ता तथा सुविधा:** नेपाल राष्ट्र बैंकको नियमानुसार हुनेछ।

४ **उम्मेदवारको उमेर**

क) सहायक निर्देशक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८३ मङ्सिर १७) मा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८३ मङ्सिर १७) मा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

ख) सहायक पदको लागि दरखास्त दिने अन्तिम मिति (२०८३ मङ्सिर १७) मा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। महिला उम्मेदवारको हकमा दरखास्त दिने अन्तिम मिति (२०८३ मङ्सिर १७) मा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

ग) नेपाल राष्ट्र बैंकको वहालवाला कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

५ **परीक्षाको किसिम**

क) विज्ञापन नं. ११/२०८३ को लागि पूर्वयोग्यता परीक्षा, लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।

ख) विज्ञापन नं. १२/२०८३, १३/२०८३ र १५/२०८३ को लागि लिखित परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।

ग) विज्ञापन नं.१४/२०८३ को लागि लिखित परीक्षा, प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको माध्यमबाट उम्मेदवारको छनौट गरिनेछ।

घ) पूर्वयोग्यता परीक्षा हुने पदको हकमा पूर्वयोग्यता परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र लिखित परीक्षामा समावेश गराईने छ।



ङ) लिखित परीक्षा उत्तीर्ण भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ । तर प्रयोगात्मक परीक्षा हुने पदको हकमा लिखित परीक्षा उत्तीर्ण भई प्रयोगात्मक परीक्षामा सामेल भएका उम्मेदवारलाई मात्र अन्तर्वार्तामा सामेल गराईनेछ ।

६ **परीक्षा केन्द्र तथा परीक्षा सञ्चालन**

क) विज्ञापन नं. ११/२०८३ को पूर्वयोग्यता तथा लिखित परीक्षा तथा विज्ञापन नं. १२/२०८३, १३/२०८३ र १४/२०८३ को लिखित परीक्षा लोक सेवा आयोगबाट काठमाण्डौमा सञ्चालन हुनेछ ।

ख) विज्ञापन नं. १५/२०८३ को लिखित परीक्षा लोक सेवा आयोगका धनकुटा, जलेश्वर, काठमाण्डौ, पोखरा, बुटवल, सुर्खेत र दिपायल कार्यालयबाट तोकेबमोजिमका स्थानबाट सञ्चालन हुनेछ ।

ग) विज्ञापन नं. १४/२०८३ को प्रयोगात्मक परीक्षा नेपाल राष्ट्र बैंकबाट सञ्चालन हुनेछ ।

घ) सम्पूर्ण विज्ञापनहरूको अन्तर्वार्ता नेपाल राष्ट्र बैंकको केन्द्रीय कार्यालयमा सञ्चालन हुनेछ ।

७ **परीक्षणकाल अवधि:** महिला कर्मचारीलाई ६ महिना र पुरूष कर्मचारीलाई १ वर्ष ।

८ **निवृत्तिभरण पाउने वा नपाउने:** योगदानमा आधारित निवृत्तिभरण पाउने ।

९ **अन्य सेवा शर्त:** नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ (संशोधन समेत) बमोजिम हुने ।

१० **परीक्षा दस्तुर**

क) **अधिकृत तृतीय श्रेणीको लागि:** एक समूहको लागि रु.१,००० (एक हजार रूपैयाँ) र प्रत्येक थप समूहको लागि थप रु.४०० (चार सय रूपैयाँ) ।

ख) **सहायक द्वितीय श्रेणीको लागि:** एक समूहको लागि रु.८०० (आठ सय रूपैयाँ) र प्रत्येक थप समूहको लागि थप रु.३०० (तीन सय रूपैयाँ) ।

ग) **रित नपुगेको कारणले अस्वीकृत हुने आवेदकको परीक्षा दस्तुर फिर्ता हुने छैन ।**

११ **परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेस गर्दा पोर्टलमा उपलब्ध भुक्तानी सेवा प्रदायक मार्फत बुझाउनु पर्नेछ ।

१२ **पदस्थापन:** विज्ञापन नं. १५/२०८३ अनुसार नियुक्त हुने कर्मचारीलाई नेपाल राष्ट्र बैंकका प्रदेशस्थित कार्यालयमा पदस्थापन गरिनेछ । अन्य विज्ञापन अनुसार नियुक्त हुने कर्मचारीलाई नेपाल राष्ट्र बैंकको आवश्यकता अनुसार केन्द्रीय कार्यालय वा प्रदेशस्थित कार्यालयमा पदस्थापन गरिनेछ ।

१३ **लिखित परीक्षाको सम्पर्क मिति:** लिखित परीक्षा सम्बन्धी सूचना लोक सेवा आयोगबाट प्रकाशन हुनेछ ।

१४ **दरखास्त पेस गर्ने तरीका:** सम्पूर्ण विज्ञापनहरूको दरखास्त विद्युतीय माध्यममा नेपाल राष्ट्र बैंकको वेबसाईट www.nrb.org.np को CAREER मा Online Portal for Open Competition वा https://jobs.nrb.org.np/ बाट पेस गर्नुपर्नेछ ।

१५ दरखास्त दिने अन्तिम मिति २०८३ मङ्सिर १७ गते पछि जारी भएका शैक्षिक योग्यताको प्रमाणपत्र (समकक्षता आवश्यक परेमा सो समेत), समावेशिताको प्रमाणपत्र, परिषद दर्ता वा अन्य प्रमाणपत्र आवेदनका लागि मान्य हुने छैन ।

१६ यो सूचना तथा उपर्युक्त पदहरूको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को CAREER मा राखिएको छ ।

१७ विद्युतीय माध्यममार्फत दरखास्त फाराम पेस गर्दा कुनै द्विविधा भएमा यस बैंकको टेलिफोन नं. ०१-५७१९६४१, ०१-५७१९६४२ एक्सटेन्सन नं. १२१८, १२२५, १२४०, १२४१ मा अथवा यस बैंकको ईमेल career@nrb.org.np मा इमेलमार्फत सम्पर्क गर्न सकिनेछ ।

नोट: यो सूचना मिति २०८३/०७/२८ गतेको गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुनेछ ।

मिति: २०८३ कात्तिक २७

का.मु.कार्यकारी निर्देशक